Volume 04, Issue 01, 2025. pp. 139–148
Research Article
DOI: https://doi.org/10.62078/grks.2025.v04i01.013

GS WOW
Wisdom of Worthy Research Journal

# सन्दर्भवादी पद्धतिका आधारमा बैतडेली गौदान लोकगीतको अध्ययन

**रमेशप्रसाद पन्त**
विद्यावारिधि अनुसन्धानरत, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं

**Article Info**

***Article History***
Received: 12 April 2025
Accepted: 28 May 2025

***Email***
2080pantramesh@gmail.com

***Cite***
Pant, R. P. (2025). सन्दर्भवादी पद्धतिका आधारमा बैतडेली गौदान लोकगीतको अध्ययन. *GS WOW: Wisdom of Worthy Research Journal*, *4*(1), 139–148. https://doi.org/10.5281/zenodo.16361085

**Abstract**

प्रस्तुत अध्ययन कार्यको शीर्षक सन्दर्भवादी पद्धतिका आधारमा बैतडेली गौदान लोकगीतको अध्ययन राखिएको छ । यस अध्ययन कार्यमा बैतडी जिल्लाका लोकसमुदायमा विवाहका क्रममा गाइने गीतलाई मुख्य विषयवस्तु बनानइएको छ । यस अध्ययन कार्यमा बैतडेली गौदान लोकगीत गाउँदा कस्ता सन्दर्भगत प्रस्तुति गरिन्छन् भन्ने मूल समस्या लिइएको छ । उक्त समस्यालाई मध्यनजर गरी उक्त बैतडेली लोकगीतको अध्ययन र विश्लेषण गरी संवर्द्धन गर्ने उद्देश्य लिइएको छ । यसमा गौदान लोकगीत सङ्कलन गर्न बेतडी जिल्लाको पाटन क्षेत्रलाई केन्द्र मानिएको छ । यहाँबाट उक्त लोकगीत सङ्कलन गर्न मुख्य लोकगायिका र अन्य सहयोगी लोकगायिकालाई सूचकको रूपमा छनोट गरिएको छ । उक्त लोकगीतलाई विषयगत सीमा, पाटनलाई अध्यनीय क्षेत्रगत सीमा, सन्दर्भवादी पद्धतिलाई सैद्धान्तिक सीमा मानिएको छ । त्यसै गरी वर्णनात्मक विधि र विश्लेषणात्मक विधि चाहिँ विधिगत सीमा मानिएका छन् । बैतडेली गौदान लोगीतको अध्ययनबाट यहाँको संस्कार कार्यलाई बचाउन, पुर्खाको सम्पत्ति हस्तान्तरण गर्न र सस्कार गीतलाई जीवन्त राख्ने अपक्षा गरिएको छ। यस अध्ययन कार्यबाट बैतडेली गौदान लोकगीतले सैद्धान्तिक रूप ग्रहण गरी एउटा लिखित सङ्ग्रह नै बनाउने काम गरिएको छ। यसबाट भावी सन्ततिका लागि एक मार्गदर्शन बन्ने विश्वास पनि लिइएको छ।

*मुख्य शब्दावली* : गौदान, दिएणो, घिरद, कइलु, थुम

## विषय प्रवेश

प्रस्तुत अध्ययन कार्यमा अध्ययनको परिचय, अध्ययनको समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको विधि, अध्ययनको सैद्धान्तिक पर्याधार, सन्दर्भवादी पद्धतिको परिचय, यसमा केन्द्रित भएर अध्ययन गर्ने सिद्धान्त र सिद्धान्तकारको परिचय र तिनका सिद्धान्तका विशेष मूल्य र मान्यताको विश्लेषण गरिएको छ।साथै तिनै मान्यतामा केन्द्रित रहेर बैतडेली गौदान लोकगीतको विश्लेषण गरिएको छ।

## गौदान लोकगीतको परिचय

यसमा गौ भनेर गाईलाई जनाएको छ । यहाँ गाई माताको गवदान गर्ने समयमा गाइने भएकाले यसलाई गवदान गीत भनिएको हो । बैतडेली समाजमा संस्कार कायअन्तर्गत विवाहका क्रममा उत्तराङगका समयमा प्रस्तत कार्य गर्ने गरिन्छ । त्यही समयमा गाइने नै गीत नै गौदानको गीत हो। यस बेला दुलहीका पक्षबाट सोही कार्य अगाडि बढेको हुन्छ । आमाबुबा, ब्राह्मण, दुलाहा, दुलही, इष्टमित्र, नातागोताले उपासना गरेर काली गाई एवम् दाइजोका सामग्रीसहित एकै ठाउँमा राखेर जौं, तिल, तितेपाती, कुश, तामाको थालीमा जल, दुध, दही, घ्यू, महलाई मिश्रण गरी शुद्ध जलको रूपमा लिइन्छ। सोही कार्यमा यही जलको प्रयोग गरिन्छ। स्थानीय लोकगायिकाद्वारा शिखर धुरीबाट काली गाई बोलाउने र दुलहीको बुबाको घरमा पुग्ने र त्यही काली गाईको गवदान गर्नुहोस् भनेर सुझाव दिएकी छिन्। पहिलेको समयमा दुई दिवासीय विवाह हुने गर्दथ्यो। त्यति बेला विवाह दुलाहाका


Copyright (c) 2025: Author(s). Published by Gaurishankar Campus

घरमा जानुभन्दा अगाडि भित्री मण्डपको सम्पूर्ण कर्मकाण्ड सकेर घरको बाहिरपट्टि आँगनमा यो कर्म हुने गर्दथ्यो । आमाबुबाबाट छोरीलाई दिइएको सम्पूर्ण सरसामग्री, अन्न, धन लगायत काली गाईको पूजाआजा गरिन्छ । दुलाहा, दुलही, ब्राह्मण, आमाबुबा सबैको सहभागिता रहन्छ। यहाँ गाईको पूजाआजा गर्दा आफ्नै प्रकरका विधिविधान छन् । त्यस्ता विधानमा पहेँलो पीताम्बरले गाईलाई ढाकिन्छ । हजारी फूलको माला लगाइन्छ । कपासभित्र सुनको टुक्रा राखेको कपडाले ओढाइन्छ । ब्राह्मणद्वारा कर्मकाण्ड अनुसारको मन्त्र उच्चारण गरिन्छ। सबैले पालैपालो गाईलाई बिचमा राखेर घुम्ने काम गरिन्छ। गाईको पुच्छर समातेर जौँ, तिल, कुश, दुध, दही, घिउ र मह आदि मिश्रित जल शुद्ध बनाइन्छ। त्यही जलले सामग्रीलाई शुद्ध पारिन्छ । एकातिर सोही कार्यले शुद्ध पवित्र गरिएको मानिन्छ भने अर्कातिर आमाबुबाको तर्फबाट जिम्मेवारी पूरा भएको विश्वास गरिन्छ।

## समस्या कथन

बैतडी जिल्लामा विभिन्न किसिका लोकगीत गाइदै आएका छन् । यी गीतहरू वर्तमान समयमा मात्र नगाएर परम्परादेखि गायन हुँदै लोकसमाजमा आएका छन् । त्यस्ता लोकगीतहरूमा श्रम लोकगीत, पर्व लोकगीत, धर्म लोकगीत, संस्कार लोकगीत र बाह्रमासे लोकगीत रहेका हुन्। यीमध्ये संस्कार लोकगीत बढी प्रचलित छ। संस्कार लोकगीत मानव जीवनका प्रत्येक चरणमा गाइने हुँदा बैतडी जिल्लामा यसको प्रचलन बढेको हो तर पछिल्लो समयमा यस्ता मानव जीवकै विषयमा गाइने र शोडष संस्कारलाई निरन्तरता दिने र बचाउने लोकगीत विस्तारै हराउँदै जाने क्रम चलेको छ। बैतडी जिल्लामा विवाहका क्रममा गाइने गौदान गीतका सम्बन्धमा कुनै किसिमको अध्ययन भएको छैन। यही कुरालाई ध्यानमा राखी निम्नानुसारको अध्ययन समस्या राखिएको छ :

- सन्दर्भवादी पद्धतिका आधारमा बैतडी जिल्लामा गाइने गौदान संस्कार लोकगीतको कस्तो सन्दर्भगत प्रस्तुति रहेको छ ?

## अध्ययनको उद्देश्य

बैतडी जिल्लामा विभिन्न किसिमका लोकगीत गायन गरिनुका आफ्नै किसिमका उद्देश्य रहेका छन् । प्रस्तुत अध्ययनमा बैतडी जिल्लाका लोकसमुदायमा यस्ता विवाहका समयमा गाइने गौदान संस्कार लोकगीतलाई सन्दर्भवादी पद्धतिका आधारमा विश्लेषण गरिनु हो । यसमा समस्याकथनका आधारमा प्रस्तुत गौदान संस्कार लोकगीतको उद्देश्य निम्नानुसार रहेको छ :

- सन्दर्भवादी पद्धतिका आधारमा बैतडेली गौदान लोकगीतको अध्ययन गरी विश्लेषण गर्नु

## अध्ययन विधि

यस अध्ययन कार्यको सामग्री सङ्कलन गर्ने प्रक्रिया र विश्लेषणको आधार निम्नानुसार रहेको छ :

### अध्ययनको सामग्री सङ्कलन

बैतडी जिल्लालाई अध्यनीय क्षेत्र मानिएको छ । यसमा बैतडी जिल्लाको पाटन क्षेत्रलाई उक्त लोकगीत सङ्कलनको ठाउँ मानिएको छ । यस ठाउँमा शोधकर्ता उपस्थित भएर विवाहको क्रममा गायन गरिने गौदान लोकगीतलाई प्राथमिक सामग्रीका रूपमा मोबाइल, कापी, कलम तथा रेकर्डरको सहायताले सङ्कलन गरिएको छ । यी लोकगीतलाई सङ्कलन गर्न जमुना पाण्डेलाई मुख्य लोकगायिका र अन्यलाई सहयोगी सूचक मानिएको छ । यसमा बैतडी जिल्लाको ठडकुडालाई अध्ययनीय सीमा, गौदान लोकगीतलाई विषयगत सीमा,सन्दर्भवादी पद्धतिलाई पद्धतिगत सीमा मानिएको छ।

### अध्ययनको सैद्धान्तिक पर्याधार

बैतडी जिल्लाको स्थानीय ठाउँमा प्रचलित बैतडेली गौदान संस्कार लोकगीतलाई सैद्धान्तिक रूप दिन लोकसाहित्यकार डेल हाइम्सको *कथनको जातितत्व* सिद्धान्त, रिचार्डस बाउम्यानको *भाषिक कला र सम्पादन* सिद्धान्त र लाउरी हाङ्कोको *पर्यावरण र परितन्त्र* सिद्धान्तलाई अँगालिएको छ भने विश्लेषणका लागि यिनै सिद्धान्तका मुख्य मान्यता एवम् आधारलाई एकीकृत गरिएको छ । यसमा डेल हाइम्सको *कथनको जातितत्व* सिद्धान्तबाट परिवेश र दृश्य, कार्यको क्रम, उद्देश्य, प्रतिमान र विधा रहेका छन्। विधाअन्तर्गत कथ्यविषय, लयविधान, स्थायी, अन्तरा र थेगो र संरचना पर्दछ। रिचार्डस बाउम्यानको *भाषिक कला र सम्पादन* सिद्धान्तबाट अभिव्यक्तिको संहिता र समानान्तरता आदि लिइएको छ भने लाउरी हाङ्कोको *पर्यावरण र परितन्त्र* सिद्धान्तबाट पाठ्यीकरणलाई लिइएको

छ । यसलाई मूलपाठ शीर्षक दिएर सङ्कलित गौदान लोकगीतलाई लिप्यान्तर गरिएको छ।

## सन्दर्भवादी पद्धतिको परिचय

सन्दर्भवादी र पद्धति दुई शब्दको मिलनबाट सन्दर्भवादी पद्धतिको निर्माण भएको छ। यहाँ सन्दर्भवादी विशेषण र पद्धति नामको संयोजन भएर पदवलीको निर्माण भएको छ। सन्दर्भले सिलसिलेबार प्रस्तुति बुझाउँछ भने पद्धतिले मार्ग वा बाटो भन्ने अर्थ बोध गराउँछ। यसरी सन्दर्भले कुनै पनि विधाको क्रमबद्ध प्रस्तुत गर्ने मार्ग भन्ने बुझाउँछ। सन्दर्भले कुनै पनि विषयको प्रस्तुतिका क्रममा तत्कालीन परिस्थितिका घटनाक्रमलाई पात्रका माध्यमबाट प्रसङ्गसहित क्रमिका रूपमा नत्थी पार्ने काम नै सन्दर्भ हो। सन्दर्भले विधाका विषयको प्रसङ्गको क्रम पनि हो।

सन्दर्भवादी पद्धति लोकसाहित्यका विधाहरूको अध्ययन गर्ने प्रमुख पद्धति हो। यो पद्धति सन् १९७० सालमा भाषा, संस्कृति र लोकसाहित्यलाई सन्दर्भका रूपमा अध्ययन गर्नु पर्दछ भन्ने विचारसँगै यस पद्धतिको विकास भएको हो। यस पद्धतिका प्रमुख मान्यतामा केन्द्रित रही विभिन्न विद्वान्हरूले विभिन्न सिद्धान्तको स्थापना गरेका छन्। उक्त सिद्धान्तले लोकसाहित्यका विधाको विभिन्न आधारका विश्लेषण गर्न सकिने कुरा बताएका छन्।

## डेल हाइम्स र उनको कथनको जातितत्व सिद्धान्त

डेल हाइम्स लोकसाहित्यविद् हुन्। उनले लोकसाहित्य, मानवशास्त्र र भाषाका सम्बन्धमा गहन अध्ययन गरी आफ्नो प्रसिद्धि कमाएको छ। उनले सन् १९६२ मा एउटा सिद्धान्तको स्थापना गरेका छन्। उनले यसको नाम *कथनको जातितत्व सिद्धान्त* नाम राखेका छन्। उनले यस उक्त सिद्धान्तमा भाषा र संस्कृतिका सम्बन्धमा अध्ययन गरेका छन्। उनका अनुसार लोकसाहित्यका प्रत्येक विधा मौखिक रूपमा प्रस्तुत गरिने हुँदा यसलाई स्पिकिङ मेडेल भनिएको हो। उनले उक्त speaking model बाट सुरुको प्रत्येक अक्षर झिकेर आठओटा संलापीय सूत्र निर्माण गरिएको छ। जुन सूत्र निम्नानुसार रहेको छ :

S = Seeting and scence (परिवेश र दृश्य)
P = Sarticipints (सहभागी)
E = Ends (उद्देश्य)
A = Act secquence (कार्यको क्रम)
K = Key (कुञ्जिका)
I = Instruments (करणत्व
N = Norm (प्रतिमान)
G = Genera (विधा)

यसरी आठ सूत्रीय संलापका आधारमा विश्लेषण गरिनु पर्दछ भन्ने उक्त सिद्धान्तको मूल मान्यता हो। डेल हाइम्सका अनुसार लोकसाहित्यका विधा प्रस्तुतिका क्रममा यो कथन पद्धतिमा केन्द्रित रहेर सन्दर्भ प्रस्तुत गरिएको हुन्छ। हाइम्सको यो पद्धति लोकसाहित्यका अध्ययनका लागि अधिक रूपमा प्रयोग हुँदै आएको छ।

नोट : यसमा बैतडेली लोकगीतको विश्लेषण गर्न कुञ्जिका र करणत्वलाई लिइएको छैन।

### *परिवेश र दृश्य*

लोकसाहित्यका विधा प्रस्तुतिका क्रममा सम्पादन गरिएको स्थान, समय र कार्यव्यापारको समष्टिको रूप नै परिवेश हो भने त्यसमा सम्पादनमा कार्यमा सहभागी भएका पात्रहरूको मानसिक भावनाको उब्जेको अवस्था नै दृश्य हो (बन्धु, २०५८)। प्रस्तुत आलेखमा बैतडेली गौदान लोकगीतको गायनका क्रममा निर्माण भएको परिवेश र दृश्यलाई प्रदर्शित गरिएको छ

### *सहभागी*

लोकसाहित्यका विधा प्रस्तुतिका क्रममा विभिन्न आधारबाट भूमिका खेल्ने व्यक्ति नै सहभागी हुन् (हाइम्स, इ. १९७४, पृ.१)। यसमा लोकगायक, लोकगायिका, वाद्यवादक र आयोजक जोसुकै पनि सहभागी हुन्छन्। यसमा मुख्य सहभागीको विस्तृत परिचय दिइएको हुन्छ। यसमा बैतडेली गौदान गीत गाउने लोकगायिकको परिचय र अन्य सहयोगीको नामावलीसमेत दिइएको छ।

### *उद्देश्य*

लोकसाहित्यका विधा किन प्रस्तुत गरिन्छन्। यी विधाहरू प्रस्तुतिका क्रममा लोकसमुदायमा कस्तो प्रभाव परेको हुन्छ भन्ने कुरा उद्देश्यले दर्साउँछ। प्रस्तुत आलेखमा बैतडेली गौदान लोकगीत गायनका उद्देश्य प्रस्तुत गरिएका छन्।

### *प्रतिमान*

लोकसाहित्यका प्रत्येक विधाको सम्पादन प्रक्रियामा फरक–फरक प्रचलन रहेका हुन्छन्। यसरी लोक प्रचलनमा रहेका समाजमा स्वीकारयोग्य मानकलाई प्रतिमान भनिन्छ ।

यी प्रतिमान परम्परादेखि समाजमा स्थापित भएका हुन्छन् । प्रस्तुत आलेखमा बैतडेली गौदन गीत गायनका प्रतिमान दिइएका छन् ।

*कार्यको क्रम*

यसमा लोकसाहित्यका विधा सम्पादनको प्रक्रियालाई हेरिएको हुन्छ । विधा प्रस्तुत गर्दा आदि भाग, मध्य भाग र अन्त्य भागको अवस्था पहिल्याउने काम यसले गर्दछ । विधा प्रस्तुतिको क्रम नै कार्यको क्रम हो । यसमा बैतडेली गौदान लोकगीतको कार्यको क्रमबारे विश्लेषण गरिएको छ ।

*विधा*

यसले लोकसाहित्यका विधालाई जनाउँछ । यहाँ विधा भन्नाले लोकगीतलाई जनाइएको छ । विधाअन्तर्गत कथ्य विषय, लयविधान, स्थायी, अन्तरा र थेगो तथा संरचना रहेका छन् । प्रस्तुत बैतडेली लोकगीत यिनै तत्वमा केन्द्रित भएर विश्लेषण गरिएको छ ।

## रिचार्डस बाउम्यानको भाषिक कला र सम्पादन सिद्धान्त

रिचार्डस बाउम्यान भाषावैज्ञानिक हुन् । उनले *भाषिक कला र सम्पादन* सिद्धान्त प्रतिपादन गरेका छन् । उनका अनुसार लोकसाहित्यको अध्ययन गर्दा भाषिक सन्दर्भलाई बिर्सन नहुने कुरा बताएका छन् । लोकसाहित्यका विधा प्रस्तुतिका क्रममा के कस्तो भाषिक सन्दर्भ रहेको छ भन्ने कुरालाई मुख्य बिषयवस्तु बनाई उक्त सिद्धान्तमा उल्लेख गरेका विभिन्न आधारहरूमध्ये अभिव्यक्तिको संहिता र समानान्तरताका आधारमा बैतडेली गौदान लोकगीतको विश्लेषण गरिएको छ । यी आधारका बारेमा तल विश्लेषण गरिएको छ :

*अभिव्यक्तिको संहिता*

यस मान्यताका आधारमा विधा प्रस्तुतिका क्रममा प्रयोग भएको भाषाको अवस्थालाई बोध गराउँछ । यसमा कस्ता वर्ण, शब्द, पद र पदावली प्रयोग भएका छन् भन्ने कुराको अध्ययन गर्दछ । यसमा बैतडेली भाषिक अभिव्यक्तिको संहितालाई विश्लेषण गरिएको छ ।

*समानान्तरता*

समानान्तरताको अर्थ उस्तै र बरबरी भन्ने हुन्छ । लोकसाहित्यका विधा प्रस्तुतिका क्रममा पटक–पटक आवृत्ति भएका हुन्छन् । यसरी बारम्बार दोहोरिन्या प्रक्रिया नै समानान्तरता हो । बैतडेली गौदान लोकगीतमा भएको समानान्तरताको विश्लेषण गरिएको छ ।

## लाउरी हाङ्कोको पर्यावरण र परितन्त्र

लाउरी हाङ्को लोकसाहित्यकार हुन् । उनले *पर्यावरण र परितन्त्र* सिद्धान्तको स्थापना गरेका छन् । उनले उक्त सिद्धान्तमा लोकसाहित्यका विधाहरूको अध्ययन गर्दा वातावरणलाई ध्यान दिनुपर्ने कुरामा जोड दिएका छन् । उनका अनुसार लोकसाहित्यको गहिरो सम्बन्ध स्थानीय वातावरणसँग रहेका हुन्छ । प्रस्तुतकर्ताले विधा प्रस्तुत गर्दा आफू अनुकूल समाज र परिवेशअनुरूप गर्ने गर्दछ । यसरी लोकसाहित्य मौखिक विधा भएको हुँदा स्थानीय परिवेशलाई मध्यनजर गरी सन्दर्भसहित पाठशीर्षक दिएर प्रस्तुत गर्नुपर्दछ भन्ने धारणा राखेका छन् । उनले यस सिद्धान्तमा विधा अध्ययन गर्ने विभिन्न माध्यम भए पनि सुहाउँदो मूल आधारलाई तल विश्लेषण गरिएको छ :

*पाठ्यीकरण*

लोकसमुदायमा कथ्य रूपमा रहेका विधाको अध्ययन गरी सूचकसँग अन्तर्वार्ताको माध्यमबाट सङ्कलन गरिएका सामग्रीलाई लिपिबद्ध गर्ने काम नै पाठ्यीकरण हो(हाङ्को, इ.१९७८,पृ.९२७) । यसमा बैतडी जिल्लामा उपलब्ध भएका लोकगीतलाई मूलपाठ शीर्षकमा लिपिबद्ध गरिएको छ ।

## बैतडेली गौदान संस्कार लोकगीतको विश्लेषण

यस अध्ययनमा गवदानको गीतको बारेमा विश्लेषण गरिएको छ । यो बैतडी जिल्लाका स्थानीय मानिसहरूले विवाहका उत्तराङ्गका क्रममा गरिने चरण हो । यस चरणमा हुने सम्पूर्ण विधिविधानका क्रममा सन्दर्भलाई परिचय, मूलपाठ, सहभागी, परिवेश दृश्य, कार्यको क्रम, उद्देश्य, प्रतिमान, अभिव्यक्तिको संहिता, समानान्तरता, कथ्यविषय, लयविधान, स्थायी, अन्तरा, थेगो र संरचानाका आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :

### मूलपाठ

यसमा विवाहका बेला गरिने गवदान गर्ने क्रममा स्थानीय लोकगायिकाद्वारा गाइएका गीतलाई मूलपाठको रूपमा तल पाठ्यणीकरण गरिएको छ :

१) आस तमी बरामन बस पूर्व मुखी

२) बाल वरमा पानीको दिएणो

३) पानी भरिया दिएणो कसेरी बालूँ
४) पानी भया दिएणो मइ कसेरी बालूँ
५) थुम तमी बरामन बकदो पानी थुम
६) बाली दिय पानीको दिएणो
७) बग्गो पानी जिजमानौ कसइले नाइ बाल्यो
८) ल्यास मेरा जिजमानौ घिर्दको दिएणो
९) काँ मिलन्छ बरामन घिर्दको बिउ
१०) शिखर कैलाश हन्च काली कइलु गाई
११) वाँइ मिललो घिर्दको दिएणो
१२) चल बर्मा चल बर्मा
१३) कइलु गाईका खोज
१४) हात समाइ बेत लौणी
१५) कोखी हाल्यो पुस्तकैको भार
१६) चल्या बर्मा कइलु गाईकी खोज
१७) धिउँना धिउँना बरामन पूर्व थली पुग्या
१८) कइलु गाईका खोजै लइ नाइपायो
१९) पूर्व हेऱ्यो पछिम हेऱ्यो
२०) उत्तर हेऱ्यो दख्खिन हेऱ्यो
२१) अठक (बिहान) सनान अऱ्यो
२२) खडक सनान अऱ्यो
२३) अरी हाल्यो मध्य सनान
२४) वेद पण गरु बरमा न अगस पसन्ना
२५) बरामनका अगसैले (एकधान)
२६) कइलु गाई लोल सुणी रैछ
२७) कइलु गाईका खोजै लइ नाइपायो
२८) वेद पणन्या बरामन अगस पसन्ना
२९) बरामनैका अगसैले कइलु रमाई गई
३०) शिखर धुरी कइलु रमाइ गईछ
३१) बरामनले कइलु लाई सोद्यो
३२) काँ तेरो कइलु जरमन भइथ्यो
३३) काँ तेरी मङल (शुभ) बाँदियो
३४) कैलाश धुरी मेरो जरमनू भयो
३५) शिखर धुरी मेरो मङ्ङल भयो
३६) काँ तइले कइलु गाई आलो दुबो खाया
३७) शिखर धुरी कइलुले आलो दुबो खाइथ्यो
३८) गङ्डा छट उष्ण पानी खाया
३९) को रे हुन्ना कइलु तेरा अगेवानी
४०) को रे हन्ना कइलु तेरा मन इच्छाकारी ?
४१) राम जिउ हुन्ना मेरा अगोवानी
४२) उनइ हुन्ना मेरा इच्छाकारी
४३) कोरे छन् कइलु तेरा गाईका ग्वाला
४४) को रे हुन् इद हुद साचन्या
४५) शिव छन् मेरा गाईका ग्वाला
४६) सीता पारभता इदु हुद साचन्या
४७) चल तम कइलु गाई चल मन्तालोक
४८) तम बिजाँइ कइलु गाई लाग्यो असुवाद
४९) कसो अरी भ्फौंलो बर्मा तेरा मन्तालोक
५०) तेरी मन्तालोक पापैको भार
५१) शुभसित लौंलो कइलु विपरीत छाणी द्यौंलो
५२) चल कइलु मेरी मन्तालोक
५३) मौतारी, चेली, ऐँचोपैँचो
५४ तेरी मन्तालोक पापैको भार
५५) मामा भान्जा बल्लदु (गोरु) जोत्लान
५६) तेरा मन्तालोक पापैको भार
५७) मतारी चेली गाबणी एकइ धारा हुन्ना
५८) तेरा मन्तालोक पापैको भार
५९) नाइ रे भ्फानो बरमान तेरी मन्तालोक
६०) शुभसित लौंलो विपरित छोणी द्यौंलो
६१) चल कइलु मेरी मन्तालोक
६२) सासूजति लिपघस लिपघस
६३) ब्वारी जति हेरिरन्ना
६४) तेरा मन्तालोक पापैको भार
६५) तम बिजाँइ कइलु गाई गौशाला अशुध
६६) चल कइल मेरी मन्तालोक
६७) लौणीले सिकोणलइ बर्मा
६८) गौँ न गोठानको बास देलइ
६९) नाइभ्फानो तेरी मन्तालोक
७०) मुख द्यौंलो कइलु गाई
७१) तेरी ग्वानेककी पूजा
७२) मल मुतुर शुद्ध गरौंलो
७३) दुद तेरो कइलु गाई अमृत सिजौंलो
७४) घिर्द तेरो कइलु गाई बत्तीलइ जगौंलो

७५) दुद तेरो कइलु गाई पितर चर्णौंलो
७६) घिर्द तेरो कइलु गाई गोदान गर्रौंलो
७७) चल कइलु मेरी मन्तालोक
७८) क्याउइका गावणी माता
७९) क्याउइका तेरा खुज्यौणा हुन्ना
८०) क्याउइका बनला सिङ्ङ
८१) क्याउइले गावणी माता पुछ बनौंना
८२) क्याउइले कन्चुणी बाँध्यो
८३) क्याउइले गावणी ढाक्यो तेरा गात
८४) लुवाँइका खुन्यौणा हन्ना
८५) सुनइका सिङ्यौणी हन्ना
८६) तामाइले कन्चुणी बाद्यो
८७) पीताम्बर कसवाइले कइलु गात ढाक्यो
८८) कइलु गाई आइन मन्तालोक
८९) तमरी आङनीमैत कइलु गाई आइन्
९०) अर बबा तसोइ गाईको गोदान
९१) अर कका तसोइ गाईको गोदान
९२) तन चारइ भाइकी कोरे जेठी कोरे चोखी
९३) तसोइ गाईको अर गोदान
९४) कइ कैका महलहै कइलु चली आइन
९५ पारभताका महल है कइलु चली आइन
९६) बबा जिउले अऱ्यो गोदान
९७) आस त पारभता सुनाचौकी बस
९८) तमरी आङनी माइ कइलु चली आइन
९९) सुनाचौकी बसी भान्या तेत्तिसकोटि देपता
१०० .म हुंलो केवाणकी ठाणी
१०१) नाइधोइ पारभता केवाण ठाणी भइन
१०२) म हुंलो केवाणकी ठाणी
१०३) नाइधोइ पारभता केवाण ठाणी भइन
१०४) बबा जिउले अऱ्यो गोदान
१०५) तमरी आङनीमा कइलु चली आइन्
१०६) अर बबा कइलुको गोदान
१०७) तमरो कइलु उत्तमी गरन्नी
१०८) क्याउइका लाईहाल्या डोर
१०९) सुनकी बबा जिउले किली बनाया
११०) रुपाइका बनाया डोरा
१११) तम त धनीला बबा तसो ब अरला
११२) निरधनी तसोइ ब रैभालो
११३) क्याउइका बबा जिउले किली बनायो
११४) रुपाइका लाइहाल्या डोरा
११५) गोदान कार्ज सुफल होलो

**सहभागी**

प्रस्तुत गीतकी लोकगायिका जमुना पाण्डेय हुन्। उनी बैतडी जिल्ला निवासी हुन्। यो गीत गायनमा उनको ठूलो भूमिका छ। यिनको जन्म वि.सं.२०३० असोज १३ गतेका दिन बैतडी जिल्ला शिवनाथ गाउँपालिकाको गैरीगाउँ भन्ने ठाउँमा भएको हो। उनले पिता लालमुनि पाण्डेय र माता टिकेश्वरी पाण्डेयको कोखबाट जन्म लिएकी हुन्। उनका मातापिता रोजगारीको सिलसिलामा भारतको चन्दीगढ गएका बेला उनले जन्म लिएकी हुँ भन्ने कुरा सुनाएकी छिन् । बैतडी जिल्लाको सदरमुकामदेखि करिब १० घण्टा टाढाको बाटोमा पुगिने दुर्गम गाउँमा जन्मेकी जमुना सानैदेखि जिज्ञासु रहेको स्थानीय बताउँछन्। सानैदेखि पढाइप्रति औधि रुचि भएकी पाण्डेयले गाउँको विद्यालयबाटै प्रवीणता प्रमाण पत्र तह अध्ययन गरी गाउँकै विद्यालयमा शिक्षण गरेकी छिन्। इसिडी शिक्षिका भएर बालबालिकाको भविष्यको रेखा कोर्ने काममा व्यस्त रहेको बताउँछिन्। हाल उनलाई ५० वर्ष उमेर पुगेको छ। उनको विवाह बैतडी जिल्ला पाटन नगरपालिका वडा नम्बर २ ठङ्कुडा निवासी केशव पाण्डेयसँग भएको थियो । वि.सं.२०४५असार महिनामा विवाह बन्धनमा बाँधिएकी जमुना घरकी जेठी बुहारी हुन्। उनी विद्यालयमा कार्यरत भए पनि घरको सम्पूर्ण जिम्मेवारी निभाएकी छिन्। घरका बुढा पाखाको स्याहार र सुहार कृषि धन्दा, पशुपालन गाउँ समाजको मर्दा पर्दाका बेला उनको सहयोग रहन्छ। उनका घरमा छोरा, छोरी सासू, ससुरा, श्रीमान् र आफू गरी ६ जनाको सङ्ख्या रहेको छ। शारीरिक अवस्थालाई हेर्दा हँसिलो र हिस्सी परेको गोलो अनुहार, छोटो कपाल, लामो जिउडाल र विशेष गरी कुर्ता, सुरुवाल पहिरन उनको विशेषता छ। उनले उक्त गीतलाई भूमिराज मन्दिरमा भजन कार्यक्रमको आयोजना भएको बेला गाउने काम गरिएको हो। यस गीतलाई जस्ताको त्यस्तै अर्गानिक लोकलयमा गाउने काम गरेकी छिन् । उनका विचारमा धन, पैसा, जग्गा, जमिनभन्दा आफ्नो लोकसंस्कृति आफ्नो चिनारी अस्तित्व हो भन्ने विचार पोखेकी छिन्।

यसका साथै प्रत्यक्ष र अप्रत्यक्ष मानवीय मनवेत्तर पात्रको पनि सहभागीता रहेको छ । मानवीय पात्रहरूमा दुलही, बुबाआमा, ब्राह्मण, इष्टमित्र एवम् मानवेत्तर पात्रहरूमा माली गाई रहेको छ। त्यसका साथै गीत गायनमा सहयोगी ३० वर्षीय सरस्वती पाण्डेय,४० वर्षीय रत्ना पाण्डेय, ५५ वर्षीय लज्जावती पाण्डेय,७० वर्षीय गौरी पाण्डेय, ६३ वर्षीय कृशला पाण्डेय ५४ वर्षीय केशव पाण्डेय, ५४ वर्षीय मनानी पाण्डेय स्वयम् र अन्य व्यक्तिको सहभागिता रहेको छ।

## परिवेश र दृश्य

प्रस्तुत गीतमा बैतडेली लोकसमाजको परिवेश छ । यो गीत वि.सं २०७८ श्रावण १५ गते बैतडी जिल्ला पाटन नगरपालिकाको कार्यालयदेखि ५ घण्टाको लामो दूरि पार गरी पुगिने ठडकुडा भन्ने ठाउँमा सम्पादन गरिएको छ। त्यस ठाउँमा भूमिराज देवालय अवस्थित छ। उक्त गीत श्रावण १५ गते खिर दिवसको उपलक्ष्यमा त्यस देवालयमा भजन, कीर्तन कार्यक्रमको आयोजना गरिएको छ। यो ठाउँ प्राकृतिक दृष्टिले अति रमणीय रहेको छ । देवालयको वरिपरिबाट दुईओटा साना—साना नदीहरू बगेका छन् । निशा कालको समय भएको हुँदा कलकल पानी बगेको आवाज सुनिन्छ। मन्दिरको वरिपरि झ्याउँकिरीको झ्याउँ–झ्याउँ आवाजले सङ्गीतमय परिवेश बनेको छ । यहाँ देवालयको चारैतिर हरियो वनजङ्गलले ढाकेको छ । गाउँगर्खाका मानिसलाई रोपाइँको कामको चटारो परेको छ । किसानहरू खेती किसानीमा व्यस्त देखिएका छन् । यसै समयमा भूमिराज देवालयमा भजन मण्डलीका ३० जना सदस्य आइपुगेका छन् । हातमा साजबाजसहित देवालयमा उपस्थित भएका छन्। देवालयको बाहिरतिर खिर पकाउने काम भइरहेको छ। देवालयको बायाँतिर खाना पकाउने चटारो चलेको छ। त्यसै समयलाई अवसर बनाएर भजन मण्डलीका सदस्य जमुना पाण्डेयलाई आफ्नो उद्देश्य बताउँदै कार्य अगाडि बढाइएको छ। यसमा लोकगायिकाले विशुद्ध लोकलयमा गीत गाउने काम गरिएको छ । देवालयको भित्रतिर भजन बाहिरतिर लोकगीत गायनले वातावरण नै सङ्गीतमय भएको छ भने अर्कोतिर रमाइलो परिवेश छ । त्यस देवालयमा भएका मानिसहरू एकआपसमा हाँसी, खुसी बसेका छन् ।सोही दिनको कार्यक्रममा मानिसहरूले उपासना गरेर धुपबत्ती, अगरबत्ती, फूलपाती, जौँ, तिल र हरियो पत्तीले, इष्टकुल देवताको दर्शन गरेको छ। जसको कारण धार्मिक परिवेशको निर्माण भएको छ।

## कार्यको क्रम

यो गीत सङ्कलन वि.सं २०७८ श्रावण १५ गतेका दिन सङ्कलन गरिएको हो। त्यो दिन त्यस ठाउँमा विशेष अवसरका रूपमा रहेको थियो । दिनको समयमा खिर पकाउने काम भएको थियो । त्यही बेलुकी भजन कीर्तनको आयोजना गरिएको थियो। बेलुकी पख भूमिराज देवालयको प्राङ्गणमा कथ्य र सभ्य भजन र कीर्तन गर्ने भजन मण्डलीका सदस्यहरू आएका छन्। ती सदस्यमध्ये जमुना पाण्डेय पनि छन्। दिनको समयमा सबै मानिसहरू खिर पकाउने काममा व्यस्त देखिन्छन्। गाउँ र समाजको सम्पूर्ण मानिसहरू चामल, चिनी ल्याएर आएका छन् । समय बित्दै गएको छ। सन्ध्याकालीन समय हुन थालेका छ । देवालयको भित्रपट्टि साजबाजसहित भजन भज्ने काम सुरु हुन लागेको छ । त्यसै समयमा लाग्दा जमुना पाण्डेयलाई अनुरोध गरिएको छ । मैले अनुरोध गरेको केही समयपछि सबै मानिसहरू चिया पिउन थालेका छन। चिया पिएपछि दोस्रो चोटि गीत गाउन सम्झाइएको छ ,र देवालयको बायाँतिर बसेर मीठो स्वरमा बैडतेली भाषामा गीत गाउन सुरु भएको छ। लोकगायिकाले चिउँडोमा हात राखेर ठुलो र मसिनो स्वरमा गीत गाउँदै नबुझेका शब्दको अर्थ विभिन्न चरणमा एवम् कर्मअनुसार गाइने गीत समेत विस्तृत रूपमा बताइएको छ। उनले गाएका गीतलाई कापी र कलमको सहायताले लेख्ने एवम् सङ्कलन कार्य गर्ने भएको छ । त्यसपछि भजन, कीर्तन कार्यक्रममा सहभागी भएर कार्यक्रम सम्पन्न भएको छ।

## उद्देश्य

प्रत्येक गीत गायनका बेग्ला बेग्लै उद्देश्य हुन्छन् । प्रस्तुत गीत गाउनुको मुख्य उद्देश्य मातारुपि मानिएको काली गाईको पूजा गरी दुलहीको हातमा सुम्पेर ठूलो पुण्यलाभ कमाउनु, इष्टकुल देवता, पञ्चकोटि, तेत्तिसकोटि देवतालाई खुसी पार्न, पितृदेवलाई स्वर्गवासको कामना गर्नु, काली गाई, दुलही, आमाबुबा, ब्राह्मण आदिको भूमिको जानकारी पाउन, लोकशिक्षा र लोक दर्शनको ज्ञान दिनु, नैतिक शिक्षाको ज्ञान दिनु, नारी जगत्को महानताको बारेमा थाहा पाउनु, दुध, घ्यू, अग्निको यथार्थ महत्व बुझ्नु, आफ्नो भाषा, संस्कृति, कला र साहित्यको बारेमा जानकारी लिनु, मनलाई आनन्द एवम् मनोरञ्जनपूर्ण बनाउनु प्रस्तुत गीत गायनका उद्देश्य हुन्

### प्रतिमान

प्रस्तुत गीतमा निम्नानुसारका मूल्य र मान्यता रहेका छन् : ब्राह्मणले पूर्वतिर मुख फर्काएर बस्नु, पानीमा भएको दीयोमा बत्ती बाल्नु, कालो गाईको गवदान गर्नु, काली गाईको बासस्थान्, कैलाश शिखर मानिनु, ब्राह्मणले मात्र गाईको खोजी गर्नु, बेतको लठ्ठी टेक्नु,गाईले ताजा दुबो मात्र खानु, गङ्गाको तटमा मात्र पानी पिउनु, शिव र पार्वती नै गाईका संरक्षक हुनु, सासूले मात्र घरको लिपपोत गर्नु, कालो गाई बेगर गौशाला अशुद्ध मानिनु, गाईका फलामका खुट्टा बनाउनु, सुनका सिङ हुनु, तामाका स्तन हुनु, पहेँलो वस्त्रले गाईलाई ढाक्नु, गाई बाँध्ने सुनको किलो हुनु,मन्तोलोकमा काली गाईको प्रवेश भएपछि मात्र पाप नष्ट हुनु गीतका प्रतिमान हुन्।

### अभिव्यक्तिको संहिता

यस गीतमा प्रयोग गरिएको भाषा क्षेत्रीय आधारमा हेर्दा बैतडेली समुदायमा बुझ्ने र बोल्ने खालको रहेको छ । यहाँका व्यक्तिले आफ्नो दैनिक जीवनमा हुने मानवीय संस्कार कार्यलाई जनाउने मौलिक एवम् स्थानीय शब्दको प्रयोग गरिएको छ। नेपाली भाषाभन्दा केही आफ्नो चिनारी राख्ने भाषाशैलीले यहाँको चिनारी दिएको छ। यस गीतमा प्रयोग गरिएका मौलिक एवम् स्थानीय शब्दहरूमा *अगस* (एकध्यान), *रुपाइ* (चाँदी), *मन्तालोक* (पृथ्वीलोक), *मौतारी* (आमा), *गावणी* (गाइ), (खुच्यौणा (खुट्टा), *दुआण* (ढोका), *अगेवानी* (ग्वाली), *सिसौली* (मान्ने काम), *मगौँला* (बनाउने काम), *खोज* (पाइला), *अशुवाद* (अपशकुन) आदि रहेका छन्। त्यसै गरी यहाँ रगतको एवम् भावनाको नाता बुझाउने शब्दहरू प्रयोग गरिएको छ। जस्ते :मामा, *भान्च* (भान्जा), *मौतारी* (आमा), *चेली* (छोरी), बबा (बुबा) छन् । त्यसै गरी उक्त गीतमा केही व्याकरणिक कोटि बुझाउने शब्दको प्रयोग गरिएको छ । केही विशेषण बुझाउने शब्दको प्रयोग गरिएको छ। जस्तै :*तमरो* (तपाई), *हमकी* (हाम्रो), भूतकालीन क्रियापदको प्रयोग गरिएको छ। जस्तैः *नाइपायो* (पाएको छैन), *रमाइ गई* (रमाउनु), *गइथ्यो* (गएको थिए), *को दियो* (कहाँ दियो), *खाइथी* (खाएथ्यौ), *साचन्या* (सोच्ने), *छाणी* (छोड्नु), *देलैइ* (दिनुहोला), *हन्ना* (हुन्ना) रहेका छन्। लोकगायिकाले यो गीत गाउने क्रममा गाईलाई बोलाउन ब्राह्मण र काली गाईका बिचमा संवाद भएको कुरालाई यहाँ उतारिएको छ। तम बिजाँइ कैलु गाई लाग्यो, यसुवाद कसो अरी झौलौँ बला तेरी मन्तालोक साथै यहाँ प्रश्नोत्तरात्मक भाषा शैलीको प्रयोग गरिएको छ । जस्तैः क्याउइले गावणी माता ढाक्यो तेरो गात आदि। त्यसै गरी विशुद्ध बैतडेली भाषाको प्रयोग गरी गीतमार्फत चिनारी दिएको छ। जस्तै :तमरा आङनी मइत कइलु चली आइन, वेद पणन्ना बरामन अगस पसन्ना साथै संवादात्मक शैलीको प्रयोग गरिएको छ।

### समानान्तरता

यो गीत बैतडी जिल्लामा विवाहका क्रममा हुने गवदान गर्ने बेलामा गाइने गीत हो। यस गीतमा उपदेशात्मक शैलीको प्रयोग गरिएको छ । यस गीतमा खासै आवृत्ति भएको देखिदैन । यसमा केवल वर्णको मात्र पुनरावृत्ति भएको छ। नमुनाको लागि गीतका चरणहरू तल दिइएका छन् :

थुम तमी वरामन बकदो पानी थुम  
कइलु गाईका खोजै लइ नाइपायो

माथि गीतका ३ ओटा चरण दिइएका छन्। यहाँका चरणमा पहिलो चरणमा म वर्ण ४ पटक पुनरावृत्ति भएको छ। दास्रो चरणमा इ वर्ण ४ पटक दोहोरिएको छ यही केही मात्राको पुनरावृत्तिले सुन्दरता थपेको छ।

### कथ्यविषय

प्रस्तुत गीत संस्कार विशेष कार्य गर्दा लोकगायिकाद्वारा गाउने काम गरिएको छ । यो गीत छोरीको विवाह गर्दा माइती पक्षबाट गरिने गावदानका बेला गाइएको हो । यस गीतमा गाईको खोजी गर्न, गाईलाई पृथ्वी लोकमा ल्याउने मुख्य प्रसङ्ग रही यजुमान, ब्राह्मण र काली गाईलाई समेत मानवीय पात्र जस्तै मानविकीकरण गरेर यसको कथावस्तु अगाडि सारिएको छ । प्रस्तुत गीतमा यजुमानले पानीमा दीयालो बाल्नुहोस् । पानीमा दियालो बन्दैन भन्ने घटना क्रमबाट यस गीतको उठान भएको छ। त्यसपछि पानीमा बत्ती बल्दैन र त्यसपछि घ्यूको आह्वान गरिएको छ।

यजुमानको घरमा घिउ नभएकाले, घिउ बनाउन र बन्दोबस्त गर्न ब्राह्मण, काली गाईको खोजमा निस्किकेका छन्। कैलाश शिखर जाँदा उकाली, ओराली चाहार्दै बेतको लठ्ठी टेकेर घुम्दा काली गाईको खोज एवम् पाइला पनि नभेटिएको देखिन्छ। त्यसै बखतमा ब्राह्मण पूर्वतिर पुग्छन् । त्यहाँ पुगेपछि ब्राह्मण पूर्वतिर हेर्छन् र पश्चिमतिर हेर्छन्, तथा उत्तरतिर हेर्छन्। दक्षिणतिर हेर्छन तर काली गाई पाउँदैनन्।

एक दिन ब्राह्मणले उषास्नान, मध्यस्नान र सन्ध्यास्नान गरी मिठो स्वरमा वेद पढिरहेको अवस्था छ । मिठो स्वरमा वेदका ऋचा एवम् मन्त्र पढेको बेला काली गाईले एकचित् र एकाग्र भएर सुनिरहेको छ। गाउँले वेदका मन्त्रोच्चारण गरेको सुने पनि ब्राह्मणले खोज एवम् पाइला पनि नभेटाएको अवस्था छ। फेरि ब्राह्मणले मिठो स्वरले वेदलाई पढेको र सोही मन्त्र पढेको सुरिलो स्वरले काली गाई कैलाश शिखरमा रमाएको अवस्थामा भेटिएको छ। काली गाईलाई भेट्ने बित्तिकै ब्राह्मणले गाईलाई विभिन्न प्रश्नहरू सोधेको छ। तिम्रो जन्म कुन ठाउँमा भएको थियो, कसले तिमीलाई ताजा हरियो दुबो खुवायो,को तिम्रो गोठालो थियो, तिमीलाई बढी मन पराउने मानिसको थिए भनेर ब्राह्मणले बुझ्न खोज्दा गाईले उत्तर दिएको छ। मेरो जन्म कैलाश शिखरमा भएको थियो, मैले कैलाश शिखरमा ताजा दुबो खाएको थिए, त्यसै गरी शुद्ध गङ्गाको तटको पानी पिएको थिएँ, शिव र पार्वती मेरा संरक्षणकर्ता थिए, कृष्ण मेरो ग्वाला थिए, सीता र पार्वती मेरा मनका इच्छाकारी थिए भनेर भनिएको छ।

यसरी गाई र ब्राह्मणबिच कुराकानी हुँदा हुँदै गाईलाई पृथ्वी लोकमा जान आग्रह गरिएको छ । पृथ्वी लोकमा अनेकौँ पाप हुने गर्दछ। जस्तो : बच्चा मार्ने, गोरु जोत्ने, सासूले घरको लिपपोत गर्ने, बुहारी सबै बसेर कुरा काट्ने, तिमी मलाई बेतको लठ्ठीले पिट्ने छौ, फोहर ठाउँमा बास दिने छौँ यसरी म जादैन भनी गाईले पृथ्वी लोकमा जान अस्वीकार गरेको छ। त्यो भन्दा ब्राह्मणलाई अक्कन बक्क भयो। फेरि गाईलाई भनेका छन् : तिम्रो मूल मुत्रले शुद्धति गर्नेछौँ, तिम्रो दुधलाई अमृत ठान्नेछौँ, तिम्रो घिउले बत्ती बाल्नेछौँ, तिम्रो दुध पितृकार्यमा चढाउनेछौँ, तिम्रो दुध र घिउले गवदान गर्नेछौँ। तिमीविना पृथ्वी लोकको गौशाला नै अशुद्ध एवम् अपवित्र भएको छ भनेर ब्राह्मणले कोटिकोटि बिन्ती गरेपछि काली गाई धर्ती लोकमा जान तयार भएकी छन्। कैलाश र शिखरबाट पृथ्वी लोकमा आउँदा फलामका खुट्टा होलान, सुनका सिङ होलान, तामाका स्तन होलान, पिताम्बर कपडाले गाईको शरीर ढाकेर काली गाई धर्ती लोकमा दुलहीका बुबाका घरमा पुगे। त्यस घरमा पुगेपछि सोही गाई सुनको किलोमा चाँदीको डोरीले काली आँगनीमा बाँध्यो, आमाबुबा र ब्राह्मण लगायत दुलहीका आफन्त सबैले काली गाईको पूजा गवदान गरी विवाह कार्य सफल भएको कुरा उल्लेख गरिएको छ।

**लयविधान**

प्रस्तुत गीतका चरणहरूमा अक्षरको समान वितरण क्रम छैन। यसमा भएका लोकगीतका चरणलाई लयमा एकरूपता ल्याउन खोजिएको छ। गीतमा भएका अक्षरहरू चरणगत रूपमा फरक रहेका छन्। यहाँ ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, २० का क्रममा रहेका छन् । प्रत्येक गीतको पहिलो चरणको सुरुमा लामो स्वरले गाइने गरिएको छ। मध्यभागमा मध्यस्वर र अन्त्यमा दीर्घ लामो स्वरले गाइएको छ। गीतका छोटो चरण, मध्यम चरण, लामो चरण सबैलाई स्थानीय लोकगायिकाले मिल्याउने प्रयास गरेका छन्। गीतमा आरोहअवरोहका साथ गाइएका छन्। ८/९ जनालाई २ समूहमा विभाजन गरी गाइने यो गीतमा एक समूहले सुरुमा र अर्को समूहले त्यसैलाई पुनरावृत्ति गरी गाउने गरिएको छ। निकै मार्मिक भाका मिठो लय, आकर्षक प्रस्तुति एवम् कारुणिक भावले भरिपूर्ण भएको यो गीतमा देखाइएको अक्षरको वितरण क्रमलाई तल दिइएको छ :२+२+३+२, २+२+३+२, २+३+३+२,२+३+३+३,२+३+२+४,३+३+३+४,४+३+२+२+३+२, २+३+३+२+२+२+२+२, ५+४+३+४+४ का क्रममा वितरण तल दिइएको छ :

बरामनले कइलुलाई सौद्यो
४ ५ २

पानी भएको दिएणो मइ केसेरी बालूँ
२ ३ ३ २ ३ २

शिखर धुरी कइलुले आलो दुबो खाइथ्या
३ २ ४ २ २ ३

पारभताका महल है कइलु चली आइन
५ ३ १ ३ २ ३

मुख दिउलो कइलु गाई तेरी ग्वानेककी पूजा
२ ३ ३ २ २ ४ २

**स्थायी, अन्तरा र थेगो**

प्रस्तुत गीतमा स्थायी र थेगोको प्रयोग गरिएको छैन । यहाँ गीतका प्रत्येक चरणहरू अन्तराका रूपमा देखिएका छन्। यस गीतमा भएका ११५ ओटा चरण नै अन्तरा हुन् भन्न सकिन्छ। यहाँ कुनै गीतका चरणहरू आंशिक रूपमा दोहोरिएका छन्। यी चरणहरू पुनरावृत्ति भएको हुँदा गीतमा एक प्रकारको आकर्षणको पक्ष भेटिएको छ।

## संरचना

यो प्रस्तुत गीतमा ११५ आटो चरण रहेका छन् । यो लोकगीत आयामका आधारमा मध्यम खालको रहेको छ । यो गीत तिन भागमा बाँडिएको छ । गीतको पहिलो भागमन ब्राह्मणलाई बोलाएर पूर्वतिर फर्केर घिउ भएको दीप बाल्नुहोस प्रसङ्गबाट उठान गरिएको छ । गीतको अध्य भाग ब्राह्मणले अस्वीकार गरेको कुरा जनाइएको छ । जहाँ गाईले धर्तीमा आफू नजाने प्रसङ्ग रहेको छ भने त्यसै गरी गीतको अन्तिम भागमा काली गाईलाई सुनको किलामा चाँदीका डोरी बाँधेर गवदान कार्य सफल भएको कुरा उल्लेख गरिएको छ । यसमा गीतिचरण ३+३+२, ३+२+२+४+२, ४+३+२+२+३ आदिको संरचनामा वितरण भएका छन् । यस गीतका चरणहरूमा अक्षरहरूको असमान वितरण क्रम रहेको छ । यहाँ ८ अक्षरका ४ ओटा चरण, ९ अक्षरका ११ चरण, १० अक्षरका ११ चरण, ११ अक्षरका १२ चरण, १२ अक्षरका १३ चरण, १३ अक्षरका ९ चरण, १४ अक्षरका ११ चरण, १५ अक्षरका १७ चरण, १६ अक्षरका ११ चरण, १७ अक्षरका ४ चरण, १८ अक्षरका २ चरण र २० अक्षरका १ चरणमा संरचित भएका छन् । यसरी सबै पक्षबाट यस गीतको संरचना बनेको छ ।

## निष्कर्ष

बैतडी जिल्लामा प्रत्येक संस्कार कार्यमा गीतहरू गाइएका हुन्छन् । यहाँका गीतमा यस क्षेत्रको जीवनशैली प्रदर्शित गरिएको हुन्छ । प्रस्तुत अध्ययनमा बैतडी जिल्लाका मानिसहरुले विवाहका समयमा गरिने गौदान गीतको परिचय, समस्याकथन, उद्देश्य, विधिका साथै सन्दर्भवादी पद्धतिका आधारमा विभिन्न सिद्धान्तकार र उनले स्थापना गरेका सिद्धान्तका स्थापना गरेका मान्यताका आधारमा उक्त गौदान गीतको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## सन्दर्भ सूची


गिरी, जीवेन्द्र देव (२०५७), *लोकसाहित्यको अवलोकन,* एकता प्रकाशन ।

चन्द, उमा (२०४१), *बैतडेली सांस्कृतिक फागको सङ्कलन वर्गीकरण र परिचय, अप्रकाशित स्नातकोत्तर शोधपत्र,* नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

चटौत, आर.डि. प्रभास (२०५८), *डोटेली बृहत् शब्दकोश,* बेलु विश्व स्मृति प्रतिष्ठान ।

जोशी, सत्यमोहन (२०१४), *हाम्रो लोकसंस्कृति,* रत्न पुस्तक भण्डार ।

नेपाल, पूर्ण प्रकाश (२०४१), *भेरी लोक साहित्य,* ने.रा.प्र.प्र. ।

पन्त, जयराज (२०३६), *डोटेली गमरा पर्वगीतहरूको वर्गीकरण, अप्रकाशित स्नातकोत्तर शोधपत्र,* नेपाली केन्द्रीय विभाग त्रि.वि. ।

पराजुली, मोतीलाल र गिरी जीवेन्द्रदेव (२०६८), *नेपाली लोकसाहित्यको रुपरेखा,* काठमाडौँ : साझा प्रकाशन ।

पैतोला, पुरणप्रसाद (२०७५), *बैतडीमा प्रचलित लोकगीतको एक झलक,* पटक, वर्ष १, अङ्क १, पूर्णाङ्क १, पृ. ५–७ ।

बन्धु, चूडामणि (२०५२), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* रत्न पुस्तक भण्डार ।

बडु, मानदेव (२०४८), *बैतडेली लोकसाहित्य र रामकथा,* श्रीमती राजु बडु ।

भण्डारी, निर्मल कुमार (२०४९), *चेलीको व्यथा र बिलौना,* निर्मल कुमार भण्डारी ।

भट्ट, आत्माराम (२०५२), *बैतडी जिल्लाका पौराणिक लोकगाथाहरूको अध्ययन र विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्ट, उद्धवदेव (२०५९), *बैतडेली लोकगीतको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र,* नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्ट, पुस्करराज (२०७६), *नेपालका प्रदर्शनकारी कला,* नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ।

भट्टराई,ध्रुवप्रसाद (२०७०), *नेपाली लोककविताको अध्ययन, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध,* नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

भाइसाप, बासुदेव (२०६१), *डोटेली लोकसंस्कृति र लोकसाहित्य,* महाकाली साहित्य संगम ।

शर्मा,बद्री प्रसाद (२०४२), *डोटेली भारतको परिचय सङ्कलन र विश्लेषण,* काठमाडौँ : बुद्ध पब्लिकेशन ।

Hymes, D. H. (1962). The ethnography of speaking. In T. Gladwin & W. C. Sturtevant (Eds.), *Anthropology and human behavior* (pp. 13–53). Anthropological Society of Washington